# अपर तामाकोशी हाईड्रोपावर लिमिटेड

## ज्ञानेश्वर, काठमाण्डौ, नेपाल

**काठमाण्डौस्थित कार्यालयको स्टोरमा प्रयोगमा आउन नसक्ने टुटफुट भई बेकम्मा अवस्थामा रहेका सामानहरु लिलाम बढाबढको शिलबन्दी निवेदन आव्हान सम्बन्धी सूचना**

**सूचना मितिः २०७९/०१/२९**

यस अपर तामाकोशी हाइड्रोपावर लिमिटेडको काठमाण्डौं स्थित कार्यालयमा सवारी साधन मर्मत गर्दा प्राप्त स्क्राप पार्टस लगायत लामो समय देखि यस कार्यालयको भण्डार (स्टोर) मा रहेको अप्रचलित तथा क्षतिग्रस्त इलेक्ट्रोनिक्स (ल्यापटप, डेस्कटप कम्प्युटर, क्यालकुलेटर ,युपियस) टुटफुट भई बेकम्मा भएका फर्निचरजन्य सामानहरु र गाडीका पुराना टायरहरु जे जस्तो अवस्थामा छ। सोही अवस्थामा लिलाम बढाबढ प्रक्रियाद्धारा बिक्री गरिने भएकोले उक्त कार्य गर्न इच्छुक व्यक्ति फर्महरुबाट यो सूचना टाँस भएको मितिले १५ (पन्ध्र) दिन भित्र लिलाम बढाबढको शिलबन्दी निवेदन आव्हान गरिन्छ।

निवेदनसाथ दाखिला गर्नुपर्ने विवरणः

१. यो सूचना टाँस भएको मिति २०७९/०१/२८ देखि २०७९ /०२/१२ गतेसम्म कार्यालय समय भित्र गोप्य खामबन्दी गरी आफुले दिन चाहेको मुल्य उल्लेख गरी दर्ता गर्नुपर्नेछ।

२. लिलाम बढाबढको निवेदन दाखिला गर्ने अन्तिम मिति सार्वजनिक विदा पर्न गएमा सो पछि कार्यालय खुलेको दिनमा उल्लेखित समय भित्र दर्ता गर्नुपर्नेछ।

३. लिलाम बढाबढको निवेदनसाथ सो सम्बन्धि काम गर्ने फर्म वा कम्पनीको इजाजत अध्यावधिक प्रतिलिपि, भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपी पेश गर्नुपर्नेछ।

४. आफुले कवोल गरेको रकम अंक र अक्षरमा स्पस्ट लेख्नुपर्नेछ। अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।

५. प्राप्त लिलाम बढाबढको निवेदनहरु कुनै कारण जनाई वा नजनाई स्वीकृत वा अस्वीकृत गर्ने अधिकार यस कम्पनीलाई रहनेछ।

६. सवारी साधन (गाडी) हरु मर्मत गर्दा प्राप्त स्क्राप पार्टस अप्रचलित तथा क्षतिग्रस्त फर्निचर जन्य सामान इलेक्ट्रोनिक्स सामान (ल्यापटप, डेस्कटप कम्प्युटर, क्यालकुलेटर , युपियस, जेनेरेटर) र गाडीका काम नलाग्ने टायर तथा अन्य स्क्राप जन्य सामानहरुको न्युनतम मुल्य भन्दा बढी कवोल गर्नेहरु मध्ये सबैभन्दा बढी मुल्य कवोल गर्ने शिलबन्दी दरभाउपत्रलाई स्वीकृत गरिनेछ।

७. लिलाम बढाबढको दरभाउपत्र स्वीकृत भईसकेपछि सम्बन्धित निवेदकले ७ (सात) दिन भित्र कम्पनीको (अपर तामाकोशी हाईड्रोपावर लिमिटेड, नबिल बैंक लिमिटेड, चल्ती खाता नं ९७०१०१७५०००१२) खातामा रकम जम्मा गरेको सक्कलै भौचर पेश गर्नुपर्नेछ।

८. बैंकमा रकम दाखिला गरेपछि ३ तीन दिन भित्र सामान एठाईसक्नु पर्नेछ।

| क्र.नं. | लिलाम बढाबढको दरभाउ पत्र नं. | सामानहरुको विवरण | अनुमानित मुल्य | निवेदन बुझाउने स्थान | लिलाम बढाबढको शिलबन्दी निवेदन बुझाउने अन्तिम मिति |
|---|---|---|---|---|---|
| १ | UTKHPL/ADM -2078/079-02 | ल्यापटप , डेस्कटप कम्प्युटर, क्यालकुलेटर , युपियस , जेनेरेटर र गाडीका स्क्राप पार्टसहरु | २,१८,३५७।८१ (मु.अ.कर समेत) | कम्पनीको ज्ञानेश्वर स्थित कार्यालय | २०७९।०२।१२ गते कार्यालय समयभित्र |

थप जानकारी लिन तथा सामानहरुको अवस्था हेर्न चाहेमा कम्पनीको ज्ञानेश्वर स्थित कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ।